# समाचार सन्देश

वर्ष १५, अङ्क ३ आई.पी.एस्. लेख रचनाको सँगालो, चैत्र ३-१८, २०६४ (मार्च १६-३१, २००८)

# पाकिस्तानमा धार्मिक विद्यालय अभिशाप कि बरदान ?

– जोफिन इब्राहिम

कराँची (आई.पी.एस्./एन्.पी.आई.) – पन्ध्र वर्षीय इल्लाही कराँचीको सबैभन्दा ठूलो मद्रसा जामिया बिनोरियाका छात्र हुन् ।

इल्लाहीलाई पाकिस्तानमा जन्मेका तर अमेरिकी नागरिक भइसकेका बाबुले तीन वर्षअघि पाकिस्तान ल्याएका थिए । ११ वर्षको उमेरमा धार्मिक शिक्षाका लागि सो मद्रसामा भर्ना भएका उनी त्यसयता अमेरिका गएका छैनन् ।

इल्लाही स्वदेश फर्कंदा अरबी भाषामा लेखिएको पवित्र कुरानको ३० अध्याय कण्ठ भन्नसक्ने हाफिज बन्नेछन् । यस्ता हाफिजले आफूले कण्ठ पारेको कुरानको एउटै शब्दको अर्थ बुझ्न सक्दैन भने पनि त्यो आश्चर्यको विषय हुँदैन । यो अधिकांश मद्रसामा ६ देखि १५ वर्ष उमेर समूहका बालकालिकाको धार्मिक शिक्षाको थालनी हो ।

'पहिलो पटक यहाँ आउँदा म धेरै रोएँ' इल्लाही आनो प्रष्ट अंग्रेजी लवजमा स्वीकार्छन् । 'यहाँको जीवन-शैली अपनाउन कठिन भयो, छोरोले मलाई दिक्क पाऱ्यो ।'

इल्लाही जामिया बिनोरियामा अध्ययतरत यस्तै गुनासो गर्ने १५ सय विदेशी (केटाकेटी दुवै) विद्यार्थी मध्येका एक हुन् ।

हाफिज भइसकेका नाइजरका २८ वर्षीय अब्दुल मोमिन आठ वर्षदेखि बिनोरियामा छन् । ६ वर्षे आलिम कोर्ष अध्ययन गरिरहेका उनी यो अध्ययन पूरा गरेर स्वदेश फर्केपछि धार्मिक शिक्षक बन्न चाहन्छन् । पाकिस्तानका मद्रसामा दिइने धार्मिक शिक्षालाई मुस्लिम संसारमा उत्कृष्ट मानिने भएकोले आफू यहाँ आएको उनी बताउँछन् ।

थाइल्यान्डका विद्यार्थी ३२ वर्षीय अस्री अब्देल अजिज पनि त्यही कारण देखाउँछन्, जो एक वर्षभन्दा कम समयदेखि यहाँ छन् । निर्दोष आचरण र नरम व्यवहारका केटा र केटी दुवै धार्मिक विद्यार्थीहरू अधीर र असहिष्णु हुन्छन् भन्ने विश्वव्यापी मान्यता उनीहरूलाई लागू भएको छैन ।

'यो सरकारले फैलाएको भ्रम हो' जामियाका संस्थापक तथा प्रिन्सिपल मुती नाइम भन्छन् । सन् १९७८ मा सुरु भएको यो मद्रसाका ६ वटा शाखा महानगरमा सञ्चालित छन् । मद्रसाहरू अतिवादको उर्वरभूमि बनेको भन्ने आरोप उनले सीधै खण्डन गरे ।

'जडसूत्रवादलाई एक्लो रूपमा हेरिनु हुन्न । यो विभिन्न कारकको एउटा प्रतिक्रिया हो । तपाईले विश्वव्यापीकरण भन्ने गरेको मान्यता खासमा पश्चिमी साम्राज्यवाद हो, हामीले पश्चिमबाट नक्कल गरेको उपभोक्तावादी र वासनातृप्ति नै श्रेष्ठ हो भन्ने सुखवादी संस्कृति हो, आतङ्कविरोधी अमेरिकी युद्धको परिणामको रूपमा प्रकट भएको अव्यक्त समानान्तर प्रतितिृया हो । अमेरिकाको नोकर बनेर राज्यहरू चटुकारको भूमिका निभाइरहेका छन् । यी सबैलाई एकसाथ बुझ्नुपर्छ' उनले भने ।

'यो सरकारको खतरनाक यु-टर्न (पीठपर्काइ) नीति हो जसले व्यापक घृणा र कोलाहल पैदा गरेको छ, जसमा हामी यतिखेर छौं' उनी बढ्दो आत्मघाती हमला र बम विस्फोटलाई इंगित गर्दै बताउँछन् । 'सरकारले जन्माएका उनै जिहादीहरू आनै रचयिताविरुद्ध उभिएका छन्' उनले गत वर्ष प्रहरी र सुरक्षाबलमाथि भएका आक्रमणलाई औंल्याउँदै भने ।

यहाँ २० हजारदेखि २५ हजार ठूला-साना मद्रसाहरू छन् । यिनीहरूले १६ लाख विद्यार्थीलाई अध्ययनका अतिरिक्त आवास र भोजन उपलब्ध गराएका छन् । मुफ्तीका अनुसार यो संख्या स्कुल जाने उमेरका कुल पाकिस्तानी बालबालिकाको ८ प्रतिशत हो ।

इल्लाही र अन्य विदेशी विद्यार्थीभन्दा फरक, उल्लिखित १६ लाखमध्येका अधिकांश विद्यार्थी अध्ययनका लागि जाने अरु ठाउँ नभएर मद्रसातिर फर्केका हुन् ।

'गरिबहरूले बालबालिका मद्रसा पठाउनुमा पनि केही कारण छन्... राज्यले उनीहरूलाई शैक्षिक सहयोग गर्दैन' एकजना राजनीतिक विश्लेषक

## अनुरोध

**'समाचार सन्देश' का सामग्री पुनः प्रकाशन/प्रसारणका लागि तयार पारिएका हुन् ।**

**हामी सबै क्षेत्रबाट रचनात्मक सुझाव, सल्लाह र प्रतिक्रियाको अपेक्षा गर्दछौं ।**

**– सम्पादक**

हसन अस्कारी रिज्भी भन्छन् ।

मद्रसाले सामन्ती अत्याचारबाट पनि मुक्तिको बाटो दिन्छ । मुती नाइम थप्छन्, सामाजिक वहिस्कार र आर्थिक बञ्चितीकरण धेरै युवा धार्मिक विद्रोहतर्फ प्रवृत्त हुनुका प्रमुख कारणहरू हुन् ।

मद्रसाको प्रत्यक्ष वा परोक्ष रूपमा आतङ्कवादसित सम्बन्ध रहेको रिज्भी स्वीकार्छन् ।

विश्लेषकहरू खासगरी अफगानिस्तानसँगको सीमावर्ती पस्तुन क्षेत्रमा खेतिपाती नहुने र उद्योगधन्दा पनि नभएको बताउँछन् । त्यहाँका अधिकांश पुरुषहरू सहर पसेका छन् र उनीहरूले सहरमा गरेको आम्दानी घर पठाउँछन् । उनका परिवारका लागि मद्रसाले सामाजिक सुरक्षा प्रदान गर्दछ । बालबालिकालाई मद्रसाले नियमित रूपमा खान त दिन्छ नै उनीहरूले शिक्षाको झल्को र इज्जत पनि यहीँ पाउँछन् ।

पाकिस्तानस्थित अफगान शरणार्थी शिविर र वरपर १९८० को दशकमा सयौं मद्रसा स्थापित भए र तिनको प्रत्यक्ष सम्बन्ध अफगानिस्तानका सोभियत संघविरोधी प्रतिरोधसँग थियो । 'पञ्जाव र सिन्ध प्रान्तका समेत ठूलो संख्याका पाकिस्तानी मद्रसाले आफ्ना विद्यार्थीलाई अफगानिस्तानको उत्तरी गठबन्धन विरोधी संघर्षमा तालिवानलाई सघाउन पठाए' रिज्भीले भने ।

डियोडन्डी विचारधारा (भारतमा सुरु भएको इस्लामिक पुनर्जागरण आन्दोलन) मुती नाइमको जामिया बिनोरिया तालिवानलाई सहयोग गर्नेमध्येको एक हो ।

'अधिकांश मद्रसाले आफ्ना विद्यार्थीमा ज्यादै साँघुरो मनस्थितिको सृजना गरेर र उनीहरूलाई अतिवादी-जिहादी आग्रहको हिसावले कमजोर अवस्थामा पुऱ्याएर अतिवाद र आतङ्कवादमा अप्रत्यक्ष योगदान दिएका छन्' रिज्भीले भने 'यो अनुभूतिको त्यो अवस्था नै पाकिस्तानीहरू धार्मिक, साँस्कृतिक असहिष्णुताको अवस्थामा अलमलिनुको प्रमुख कारण हो ।'

'आतङ्कवादको मुद्दा मद्रसा स्वयंसँग नभई डियोडन्डी विचारधाराका केही तप्काले सिकाउने विचारसँग छ' इस्लामावादस्थित विचार मञ्च ब्रासटाक्सका प्रमुख जाइद हमिद भन्छन् ।

उनीहरूबारेको तथ्यलाई सामान्यीकरण गर्नुको बेफाइदाप्रति पनि उनी औंलो ठड्याउँछन् । 'सबै डियोडन्डी मद्रसा हिँसात्मक विचारमा संलग्न हुँदैनन्' उनले भने ।

विद्यार्थीले अनुसरण गर्नुपर्ने कठोर नियम बाहेक, बाहिरी संसारमा के भइरहेको छ भन्ने कुराको सामान्य जानकारी उनीहरूमा छ । धार्मिक विद्यालयले एउटा साप्ताहिक पत्रिका निकाल्ने गरे पनि दैनिक पत्रपत्रिकामा उनीहरूको पहुँच हुँदैन किनकि प्रिन्सिपल 'विद्यार्थीमा राजनीतिक विचार र दु:ख निम्त्याउने भ्रष्ट मानसिकता विकास नहोस्' भन्ने आनो चाहना रहेको बताउँछन् ।

मद्रसामा टेलिभिजन पनि हुँदैन । यद्यपि त्यहाँ कम्प्युटर ल्याब छ, करिब ४० वटा जति कम्प्युटर जडानका लागि तयारी अवस्थामा राखिएको छ र पनि इन्टरनेट र मोबाइल फोनमा विदेशी विद्यार्थीको मात्रै पहुँच छ ।

फुर्सदमा साँझतिर क्रिकेट र फुटबल खेल्नुबाहेक युवा विद्यार्थीसँग मनोरन्जनको अर्को विकल्प हुँदैन । 'हामी यहाँ केही सिक्न आएका हौं । बाहिरी विश्व र यसका थुप्रै आकर्षणबाट विथोलिन होइन, बरु दीन (धार्मिक) अध्ययनको लागि हो' मोजमस्तीको मान्यताप्रति अस्वीकृति जनाउँदै मोमिनले भने ।

इल्लाही चाहिँ बिदामा काकाको घर जाँदा कम्प्युटर गेम खेलेको, टेलिभिजन हेरेको र पौडीसमेत खेलेको बताउँछन् ।

११ सेप्टेम्बर २००१ मा अमेरिकामा भएको आक्रमणपछि मद्रसामा विद्यार्थी भर्ना घटेको छ भने धेरै विदेशी विद्यार्थीले मद्रसा छाडेका छन् । तर इस्लामविरुद्धको नकारात्मक प्रचारवाजीले पछि 'मुस्लिम युवालाई धिपिक्कै सल्कायो, उनीहरूमा आनो धर्मबारे धेरै जान्ने प्यास जाग्यो जसले गर्दा अहिले बढीभन्दा बढी विद्यार्थी भर्ना भएका छन्' १८ वर्षदेखि जामियामा आबद्ध मुती अब्दुल्लाह हजर्भी भन्छन् ।

आक्रमणपछि मद्रसा सुधार कार्यक्रममा निकै पैसा र प्रयास खर्च भएको छ । तर, सफलता थोरै मात्र हात लाग्यो । इस्लामिक राजनीतिक पार्टीसँग सम्बद्ध मद्रसाहरूबाट सुधार कार्यक्रमप्रति सशक्त प्रतिरोध भएको रिज्भीले बताए ।

सन् २००५ मा अमेरिकाको चर्को दबाबपछि सरकारले स्वदेशी अतिवादसँग लड्न चरमपन्थी जन्माउने धार्मिक विद्यालयमा धरपकड सुरु गऱ्यो ।

राष्ट्रपति परवेज मुसर्रफको सैनिक सरकारले प्रतिबन्धित इस्लामिक संगठनविरुद्ध धरपकड, विस्फोटक पदार्थको न्यूनीकरण र छापामारीजस्ता थुप्रै उपायहरू अबलम्बन गऱ्यो । तर, सरकार मद्रसा सुधारको प्रश्नमा अल्मलिएको भान परेको छ ।

पहिलो कदमको रूपमा, सरकारले सबै धार्मिक विश्वासमा आधारित विद्यालयलाई दर्ता गर्न, तिनीहरूका पाठ्क्रमलाई आधुनिकीकरण गर्न र लगानीकर्ता सार्वजनिक गर्न चाह्यो ।

गत वर्षसम्ममा २० हजारमध्ये १४ हजार ६ सय ५६ त्यस्ता स्कुल स्वेच्छिक रूपमा धार्मिक मामिला मन्त्रालयमा दर्ता भए र तिनीहरू सबैले, जसरी भए पनि, तिनीहरूका पाठ्यक्रमको आधुनिकीकरण गरे वा कम्तीमा त्यसो गरेको बताए ।

त्यस्तो हस्तक्षेपबाट मुती हजर्भी खुसी छैनन् । 'हामीसँग अन्य विषय पढाउन माग गरेर उनीहरूले हाम्रा विद्यार्थीलाई धार्मिक अध्ययनबाट अन्यत्रै मोडिरहेका छन्' आक्रोशित हुँदै उनले भने 'सुधारवादी शैक्षिक संस्थाहरूले पनि इस्लामिक पाठ्यक्रम पढाउनुपर्छ भन्ने हाम्रो माग सुनिँदैन भने यो वास्तवमै अस्वस्थ छ' उनले भने ।

'२००५ तिर फर्कंदा, अधिकांश मद्रसा दर्ता हुन तयार थिए र हामीजस्ता धेरैले पाठ्यक्रम परिमार्जन गरेका छौं । हामी लगायत धेरै मद्रसाले आनो हिसाव लेखापरीक्षण गराउन नमानेपछि यो मुद्दा उठेको हो' मुती नाइमले भने ।

प्रिन्सिपलका अनुसार उनीहरूले ६ सय विदेशी सहित चार हजार केटाकेटीको नि:शुल्क खाना, आवास (थोरैले पैसा तिर्छन्) र औषधोपचारको लागि मासिक पचास लाख पाकिस्तानी रूपैयाँ (८३ हजार डलर) खर्च गर्छन् । यसबाहेक त्यहाँ तीन हजार दिउँसो अध्ययन गर्ने (डेस्कलर) विद्यार्थी छन् । तैपनि यो स्कुल पैसाका लागि पाकिस्तान वा विदेशी सरकारमा निर्भर छैन ।

'हामीलाई सहयोग गर्ने अधिकांश दातामा आफूले परोपकारी कार्यमा गरेको लगानी सार्वजनिक गर्ने चाहना नभएकोले हामी हाम्रो आर्थिक स्रोत बाहिर ल्याउन चाहादैनौं' मुती नाइमले भने । उनको भनाइमा बाहिर रहेका थुप्रै पाकिस्तानी दानवीरले अतिवादीसँग साँठगाँठ गरेको आरोप लाग्ने डरले सहयोग गर्न छाडेका छन् ।

# तिब्बत तनावका बाबजुद अघि बढ्यो ओलम्पिक ज्योति

– अन्तोअनेटा बेज्लोवा

बेइजिङ (आई.पी.एस्./एन्.पी.आई.) – चीनले बेइजिङ ग्रीष्मकालीन ओलम्पिकलाई आशीर्वाद दिन चिनियाँ जनताका पूर्वजका रूपमा सम्मानित प्रख्यात राजाको शक्ति गुहार्दै राष्ट्रिय एकतामा जोड दियो । तर, तिब्बतमा कायम रहेको तनाव र ओलम्पिक ज्योतिको दरारयुक्त बाटोको परिणामस्वरूप यल्लो इम्पेररको प्रार्थनाका लागि निर्धारित उदार नीति कमजोर हुन पुग्यो ।

अत्यन्तै महत्वको 'ऐतिहासिक यात्रा' का क्रममा यसलाई विथोल्ने 'स-साना घटनाहरू' भए भन्ने सरकारी स्वीकारोक्तिका बीच ७ अप्रिलका दिन बेइजिङमा सुरक्षाकर्मीको कडा पहराभित्र आयोजित समारोहमा ओलम्पिक ज्योतिको स्वागत गरियो ।

चिनियाँ राष्ट्रपति हू जिन्ताओले बेइजिङको तियानमेन चोकमा ग्रिसबाट विशेष उडानमार्फत ल्याइएको ओलम्पिक ज्योति प्रज्वलन कार्यक्रम उद्घाटन गरे । ज्योतिको विश्वव्यापी यात्रा ८ अप्रिलमा कजाखास्तानको अल्माटीका लागि प्रस्थान गरेपछि सुरु हुन्छ ।

देशव्यापी रिलेका लागि चीन फर्कनुअघि यो ज्योतिले २० वटा मुलुकहरूको यात्रा तय गर्छ । ज्योतिलाई ओलम्पिक इतिहासमै पहिलोपटक तिब्बत हुँदै विश्वको सबैभन्दा अग्लो टाकुरो सगरमाथामा पुर्‍याइने अपेक्षा गरिएको छ ।

'ज्योतिले पहिलोपटक संसारकै छानो सगरमाथाको शिखर चुम्नेछ, जसबाट मानव सभ्यताको प्रगतिमा ओलम्पिक आन्दोलनको सामर्थ्यले ठूलो योगदान दिएको प्रमाणित हुन्छ' बेइजिङ ओलम्पिकका प्रमुख आयोजक ली क्वीले ग्रिसबाट ल्याइएको ज्योति ग्रहण गरेपछि भने ।

यल्लो इम्पेररका लागि मध्य चीनको हेनान प्रान्तस्थित जिङझेङमा वार्षिक रूपमा आयोजना गरिने जस्तै उच्चस्तरीय समारोहले आनो सद्भाव र एकताको सन्देश विस्तार गर्ने आशा बेइजिङले गरेको छ । हरेक वर्ष विदेशमा रहेका हजारौं चिनियाँ प्रवासीलाई स्वदेश फर्कन आकर्षित गर्ने यो उत्सवमा ८ अप्रिलमा ओलम्पिकको सफलताका लागि आशीर्वाद माग्न आयोजना गरिने समारोह पनि समाविष्ट गरिएको छ र यो समारोह राजाको विशाल शालिक अगाडि सम्पन्न गरिनेछ ।

तर, बेइजिङको दुःख नै भन्नुपर्छ, ओलम्पिकको दिनगन्तीमाथि यहाँको मानवअधिकार स्थितिलाई लिएर विश्वव्यापी रूपमा बढिरहेको विरोधले ओझेल पारेको छ ।

चीनले 'सद्भाव यात्रा' को नाम दिएको ज्योति यात्रालाई हिमाली क्षेत्र तिब्बतमा चीनको दमनकारी शासन र हालसालै बौद्धभिक्षु र सर्वसाधारणले गरेको विरोध प्रदर्शनमा बेइजिङले गरेको धरपकडविरुद्ध आन्दोलनरत तिब्बत समर्थकहरूले रोकिदिए ।

'तिब्बत बचाऊँ' र 'तिब्बतमा जातिहत्या बन्द गर' को नारा लगाइरहेका प्रदर्शनकारीले एक साता लामो ज्योति रिलेलाई ग्रिसमै अवरोध खडा गरे र सन् १८९६ मा पहिलो आधुनिक ओलम्पिक खेल सम्पन्न भएको प्राचीन पानाथेनियन रंगशालामा आयोजित ज्योति हस्तान्तरण समारोहमा बाधा पुर्‍याए ।

प्रदर्शनकारीले मध्य मार्चमा हिंसात्मक प्रदर्शन झेलेको तिब्बत हुँदै ओलम्पिक ज्योति लैजाने योजना रद्द गर्न खेल आयोजकहरूसँग माग गरे । तिब्बतको राजधानी ल्हासामा मार्चको अन्तिम साता हजारौं दंगा प्रहरी र सेनाको उपस्थितिका बाबजुद पनि तनावहरू भएका खबर आए ।

तिब्बतको घटनाबारे बेइजिङ र उत्तरी भारतको धर्मशालामा रहेको निर्वासित तिब्बत सरकारले दुईथरि फरक फरक दाबीहरू

गरिरहेका छन् ।

तिब्बतलाई मातृभूमिबाट अलग्याउने उद्देश्यले त्यहाँका निर्वासित आध्यात्मिक नेता दलाइ लामाका समर्थकले विरोध प्रदर्शनको घटनालाई बढाई चढाई प्रचार गरेको चीनको दाबी छ । बेइजिङले दलाइ लामाको समूहमाथि बेइजिङ ओलम्पिक भाँड्ने र चीनको अन्तर्राष्ट्रिय प्रतिष्ठा धमिल्याउने दुष्प्रयास गरेको आरोप लगाएको छ ।

तर, नोबेल शान्ति पुरस्कार विजेता दलाइ लामाले हिँसाको आलोचना गरेका छन् । स्वतन्त्र तिब्बत आनो चाहना नभएको तर, तिब्बतले कम्युनिस्ट मुलुक चीनको अंग हुने सम्झौतामा सन् १९५१ मा हस्ताक्षर गर्दा बेइजिङका शासकले प्रतिज्ञा गरेअनुसारको स्वायत्तताको माग गरेको उनले बताउँदै आएका छन् ।

हिमाली क्षेत्र तिब्बत सन् १९५१ मा चिनियाँ जनमुक्ति सेनाले कब्जा गरेको थियो, तर बेइजिङले तिब्बतको सम्प्रभूता हजारौं वर्षदेखि चीनमा निहित रहिआएको बताएको छ । चिनियाँ वुद्धिजीवीहरू युआन राजवंश (१२०६-१३६८) देखि नै चीनका राजाले तिब्बतमा धार्मिक र राजनीतिक नेताको नियुक्ति गर्दै आएको बताउँछन् ।

जब ७ अप्रिलमा ओलम्पिक ज्योति बोकेको विशेष विमान बेइजिङमा उत्रियो तब सरकारी समाचार एजेन्सी सिन्ह्वाले दलाइ लामाप्रति अहिलेसम्मकै कठोर आक्रमण गर्दै उनले धर्मको दुरूपयोग गरेर ओलम्पिकलाई स्वतन्त्र तिब्बतको पक्षमा चीनमाथि दबाब दिने माध्यम बनाउन खोजेको आरोप लगायो ।

'यदि दलाइ लामा साधारण बौद्ध भिक्षु हुन् भने यो उनको लागि राजनीतिक खेल खेल्न र पाखण्डी स्वायत्तताको दाबी गरेर जनता, खासगरी पश्चिमी जनता, झुक्याउने काम छाड्न एकदम उपयुक्त समय हो' सिन्ह्वाले भन्यो ।

निर्वासित तिब्बत सरकारले विध्वंश मच्चाउन खोजेको भन्ने बेइजिङको आरोपको प्रतिरोध गर्दै तिब्बत घटनाको अन्तर्राष्ट्रिय स्तरमा छानबिन गर्न माग गरेको छ । निर्वासित अधिकारीहरू प्रदर्शनलाई तिब्बतीहरूमा लामो समयसम्म दबिएर रहेको गुनासोको अभिव्यक्ति भन्छन् । तिब्बती पक्षले हप्तौं लामो प्रदर्शनमा मारिनेको संख्या १ सय ४० पुगेको दाबी गरेको छ भने बेइजिङले प्रदर्शनकारीको हातबाट १८ सर्वसाधारण र २ सुरक्षाकर्मी मारिएको बताएको छ ।

'यो चीनले तिब्बतमाथि गरेको कुशासनविरुद्धको वास्तविक प्रदर्शन र विस्फोट हो भन्ने कुरा विषयको वास्तविकता बुझेकाहरूलाई प्रष्ट थाहा छ' तिब्बती संसद्का निर्वासित प्रवक्ता कर्मा छोपेलले भने ।

चीन 'आनो दमनलाई अन्तर्राष्ट्रिय क्षेत्रमा वैधानिकता दिलाउन तिब्बतीहरूलाई आतङ्ककारीको बिल्ला भिराउने पर्खाइमा छ' छोपेलले रोममा आयोजित पत्रकार सम्मेलनमा भने ।

तिब्बतमा भएको मानवअधिकार हनन् अन्तर्राष्ट्रिय अधिकारवादीको विरोधको प्रमुख मुद्दा हुनसक्छ तर एकमात्र चाहिँ होइन । सुडानको डार्फुरमा संलग्नतादेखि फालुन गोङ आन्दोलनमाथिको धरपकड र बर्माका सैनिक शासकप्रति बेइजिङको समर्थनसम्मका श्रृंखलाविरोधी प्रदर्शनले लन्डनदेखि, पेरिस, सान फ्रान्सिस्को हुँदै सम्पन्न हुने ओलम्पिक रिले यात्राको बाटो अवरुद्ध गर्नसक्छ ।

अहिलेसम्म बेइजिङ प्रतिकूल दृश्यलाई स्वदेशी दर्शकसम्म पुर्‍याउनबाट रोक्न सेन्सरको भर पर्दै आएको छ । सरकारी चाइनिज सेन्ट्रल टेलिभिजनले ग्रिसको ओलम्पियामा आयोजित ज्योति प्रज्वलन समारोहमा तिब्बत समर्थक प्रदर्शनकारीले पाँचवटा हतकडी एकआपसमा जोडेर ओलम्पिकको प्रतीक रिङ बनाएको दृश्यअंकित कालो झन्डा हल्लाएको दृश्य काटेको थियो ।

तर, बेइजिङको लागि खास द्विविधा भनेको आगामी ८ अगष्टमा हुने ओलम्पिक उद्घाटन समारोह बहिष्कार गर्ने बढिरहेको अन्तर्राष्टिय धम्कीको कसरी व्यवस्थापन गर्ने भन्ने हो । यो सामग्री तयार गर्दासम्म कुनै पनि राजनीतिज्ञले तिब्बतको दंगाफसादलाई लिएर ओलम्पिक बहिष्कार गर्न आह्वान गरेको अवस्था नभए पनि फ्रेन्च राष्ट्रपति निकोलास सार्कोजी लगायतका कयौं युरोपेली नेताले बेइजिङमाथि अन्तर्राष्ट्रिय दबाब दिन आफूहरू खेल उद्घाटन समारोहमा सहभागी नहुन सक्ने बताएका छन् ।

उक्त समारोह वर्षौं लामो काम हो । यसको भव्य आयोजनाले अन्तर्राष्ट्रिय जगतमा चीनको छवि सफल र एकीकृत राष्ट्रको रूपमा प्रस्तुत गरी विश्व समुदाय सामु छाप छाड्ने र विश्वमञ्चमा यसको महत्वको स्थान सही किसिमले पुन: प्राप्त गर्ने लक्ष्य लिएको छ ।

# बर्मेली सेनामा बालबालिकालाई जबर्जस्ती भर्ना

– मारवान माकन-मार्कर

बैंकक (आई.पी.एस्./एन्.पी.आई.) – सैनिक शासित बर्मास्थित अन्तर्राष्ट्रिय श्रमसंगठन (आइएलओ) कार्यालयले गएको सेप्टेम्बर महिनासम्मको तथ्याङ्क सार्वजनिक गर्दै सेनामा बालबालिकालाई जबर्जस्ती भर्ना गरिएको उजुरीबारे जानकारी गराएको छ । बर्मामा सरकारले सेनामा बालबालिका छैनन् भनेर दाबी गरेको र उजुरी भने परिरहेको अवस्था छ ।

आइएलओको नयाँ प्रतिवेदनअनुसार सेप्टेम्बर २००७ देखियता भने बाल बालिकालाई सेनामा भर्ना गरेको उजुरी प्राप्त भएको छैन । यही सेप्टेम्बर महिनामा बर्माको जुन्टा सरकारले हजारौं बुद्ध भिक्षुहरूले 'दयाप्रेम' को मन्त्र उच्चारण गर्दै निकालेको शान्तिपूर्ण प्रदर्शनीमा निर्दयतापूर्वक दमन गरेको थियो ।

त्यस महिनाअघि बलपूर्वक श्रममा लगाएका अधिकाश: उजुरीहरू प्राप्त हुन्थे । 'केही सैन्य स्थानीय प्रशासनमा बालबालिका नियुक्त गरिएको' उजुरी प्राप्त हुन आएको थियो । जेनेभामा श्रम अधिकार निकायको केन्द्रीय कार्यालयमा हालै भएको बैठकमा आइएलओले जानकारी गराएको छ ।

'सेप्टेम्बरयता अधिकांश उजुरीहरू सैनिक शासनसँगै सम्बन्धित छन् र नाबालिग व्यक्तिलाई काममा लगाइएको सन्दर्भ उठाइएको छ' । आइएलओ रंगुन कार्यालयले प्रस्तुत गरेको प्रतिवेदनमा भनिएको छ- 'बाल सिपाही/दबाबपूर्ण भर्नाका सम्बन्धमा' जानकारी गराउँदै २६ फेब्रुअरी २००७ देखि २५ फेब्रुअरी २००८ सम्म यस्ता १५ वटा उजुरी परेको खुलासा गर्दछ ।

अक्टोबर महिनाको अन्ततिर १४ वर्षे बर्मेली केटाको सम्बन्धमा प्राप्त उजुरी आइएलओले जानकारी गराएको छ । उजुरीको विवरणअनुसार, ऊ बर्माको पुरानो राजधानी रंगुनको बजारमा आनो पसले दाजुलाई भेट्न गएको थियो । तर उसलाई बाटैबाट सिपाहीहरूले समातेर ट्रकमा हाली सैनिक भर्तीकेन्द्रमा पुऱ्याए ।

वास्तवमा आइएलओले नाबालिग व्यक्तिलाई काममा भर्ती गरिएको उजुरीको ढड्डा निकै मोटो छ । टाटमाड (सशस्त्र फौजलाई बर्मेलीहरूले दिएको उपनाम) को यथार्थ तस्वीर होइन । 'हामीले जति उजुरीहरू प्राप्त गरेका छौं घटना त्यतिमात्र होइनन्, योभन्दा ठूलो संख्यामा बालअधिकार हनन्का घटनाहरू भएका छन् भन्ने हाम्रो विश्वास रहेको छ । हामीलाई प्राप्त उजुरी त संकेतमात्र हुन्', बर्माका लागि आइएलओ सम्पर्क अधिकारी स्टिभ मार्सलले आइपिएससँगको अन्तर्वार्तामा भने ।

'किशोरहरूलाई सेनामा भर्ती गराउने विषयमा केही व्यक्तिहरू दलालका रूपमा कार्य गर्दैछन् भन्ने हामीले बुझेका छौं । भर्ती कार्यालयसम्म पुऱ्याउन उनीहरूले बालबालिकालाई बल प्रयोग गर्ने र ढाँट्ने गर्दछन्,' उनले थपे- 'हामीले यस सम्बन्धमा गुनासो गर्दै सरकारसमक्ष उजुरी गरेका थियौं । त्यसको प्रतिक्रिया पनि तुरुन्त प्राप्त हुन आयो । यसरी भर्ना हुन आएका नाबालकलाई फिर्ता पठाइएको र उमेरको पाबन्दीको नियमलाई सम्मान गरिएको जानकारी भर्ना अधिकारीले दिएका छन् ।'

मानव अधिकारकर्मी समूह जुन्टा सरकारले अन्तर्राष्ट्रिय समुदायलाई झुक्याउन सक्तैन भनेका छन् । सैनिक सरकारले नाबालिगलाई जबर्रजस्ती भर्ना गर्ने प्रक्रियाको अन्त्य गरियो भने पनि व्यवहारमा त्यो काम हुन सकेको छैन । लण्डनस्थित बर्मा क्याम्पेनले सरकारद्वारा सञ्चालित अखबारले हालैका वर्षमा सैनिक शिविरबाट आ-आनो परिवारमा नाबालिगहरूलाई फिर्ता पठाइयो भनी गरेको दावी 'पूर्णत: असत्य र विश्वास गर्न नसकिने' भनेर टिप्पणी गरिएको छ' ।

२००४ मा बर्माको सैनिक नेतृत्वले बाल सिपाही नियुक्त गरिएकोमा अन्तर्राष्ट्रिय समुदायले आलोचना गरेको सम्बन्धमा प्रतिक्रिया जनाएको थियो । सरकारले समस्या समाधानका लागि उच्च अधिकारयुक्त समूहको गठन पनि गरेको थियो । कम उमेरका बालबालिकालाई सेनामा भर्ती गर्ने

काम रोकथाम गर्नका लागि समिति निर्माण गऱ्यो । श्रम तथा बालअधिकारको हिँसा नियन्त्रणका लागि सघाउनुभन्दा सो समितिले सैनिक सरकारलाई बचाउने काम गऱ्यो ।

नोभेम्बर २००७ मा मानवअधिकार निगरानी (एचआरडब्लु) ले एक प्रतिवेदन प्रकाशित गरी जुन्टाले गठन गरेको विषेश समितिले उद्देश्य पूरा गर्न नसकेको र टाटमाडको चंगुलबाट बालबालिकालाई बचाउन नसकेको ठहर गऱ्यो । '१० वर्षसम्मका बालकलाई पनि बर्मेली सैनिक सरकारले जबर्जस्ती भर्ना लिने, धम्क्याउने र पिट्ने काम गर्दै भर्ना गर्नेगरेको,' न्युयोर्कस्थित विश्वव्यापी अधिकार परामर्श नामक संस्थाद्वारा प्रकाशित गरिएको प्रतिवेदनमा जनाइएको छ ।

'कहिले कहीँ बालबालिकालाई मानवअधिकार हनन्का गतिविधिमा पनि संलग्न गराइन्छ । गाउँमा आगजनी गर्न र नागरिकहरूलाई जबर्जस्ती काम गर्न दबाब दिने काममा पनि लगाइन्छ,' 'सिपाही हुनका लागि विक्री: बर्माका गाउँमा आगजनी र सर्वसाधारणको प्रयोग' नामको प्रतिवेदनमा भनिएको छ- 'जो भाग्न खोज्छन् अथवा काम गर्न आनाकानी गर्छन् उनीहरूलाई पिट्ने, समातेर ल्याएर फेरि भर्ती गर्ने र थुन्ने काम गरिन्छ ।'

यस प्रतिवेदनले जे कुरो भनेको छ, त्यहीँ कुरो एचआरडब्लुको २००२ मा सार्वजनिक भएको प्रतिवेदनमा पनि अभिव्यक्त भएको छ । बर्मामा बालसिपाहीको संख्या बढी रहेको जानकारी गराउने सो प्रतिवेदनले बालसिपाहीको भनाइ भन्दै 'मेरो बन्दुक मजत्रै छ' भनी उल्लेख गरेको थियो । प्रतिवेदनमा बर्माका ३ लाख ५० हजार सिपाहीमध्ये ७० हजारभन्दा बढी नाबालिग रहेको अनुमान गरेको थियो ।

सेनामा भर्ती गर्न सैनिक सरकारले नाबालिगको शिकार अभियान नै चलाएको थियो जो गएको पाँच वर्षदेखि केही रूपमा परिवर्तन भएको छ । सिपाही र नागरिकहरूलाई सर्वसाधारणको पहुँच हुने क्षेत्रहरू जस्तै रेलवे स्टेसन, बस बिसौनीहरू, बन्दरगाह, गल्ली र चाडबाँडका क्षेत्रहरूमा खटाइन्छ । यस्ता विभिन्न क्षेत्रमा काम गरेवापत बालसेनालाई प्रतिव्यक्ति मासिक २५ अमेरिकी डलर अथवा एकबोरा चामल दिने गरिन्छ ।

जुन्टा सरकारको भनाइ र गराइमा भिन्नता छ । दक्षिण पूर्वी एशियाली यस मुलुकमा 'रुखोपन सामान्य प्रचलन बनेको छ', एचआरडब्लु बर्माका परामर्शदाता डेभिड स्कट म्याथेजन भन्छन्- 'कानुन र व्यवहारमा भयानक असमानता छ, बर्मेली सरकार विश्वको आँखामा छारो हाल्न एउटा कुरा बोल्छ र धरातलीय यथार्थ अर्कैहुन्छ ।'

'सेनामा बालबालिकाको दवावपूर्ण भर्ना व्यापक छ' उनले आइपिएसलाई भने 'यो व्यापारिक पद्धतिको एक अंग बनेको छ । सेनाले निश्चित परिमाणमा नयाँ सिपाही भर्ना गर्न सक्नुपर्छ । यसो गरेमा उनीहरू पुरस्कृत हुन्छन् ।'

जुन्टा सरकार कलिला केटाहरूको भोको छ । १९८८ पछि सैनिक नीतिमा परिवर्तन ल्याएर टाटमाडको श्रेणी निर्माण गरिएको छ । त्यसै वर्ष लोकतान्त्रिक आन्दोलन सुरु भयो । दशौं हजारको संख्यामा नागरिकहरू सडकमा ओर्लिए र सैनिक शासकलाई चुनौती दिए । १९६२ मा सैनिक 'कू' पछि सत्तामा आएको तानाशाही सरकारले निहत्था प्रदर्शनकारीहरूमाथि गोली चलाएर करिब ३ हजार नागरिकको हत्या गऱ्यो । त्यसको लगत्तै टाटमाडले सैनिक विस्तारको अभियान चलायो र आनो संख्या बढाउन बालकलाई पनि भर्ना गर्न सुरु गऱ्यो । एकलाख ८० हजारको संख्यामा रहेको सेना अहिले कम्तीमा ४ लाख पुगिसकेको छ ।

बर्मेली सैनिक विश्लेषकले जानकारी गराएअनुसार टाटमाडले सैनिक समूहबाहिर रहेका युवा आना लागि चुनौती हुनसक्ने कुराको विश्लेषण गर्दै भर्ना अभियान व्यापक बनाएको हो । तर सेनाबाट भागेर जाने र विद्रोही समूहमा मिल्ने क्रम पनि बढिरहेको छ । खासगरी सीमाक्षेत्रमा जनजाति विद्रोही समूहहरू टाटमाडका लागि चुनौती बनेका छन् । 'उत्तरी कमाण्डरले रिपोर्ट गरेअनुसार २००६ को चार महिनामा जुन्टा सरकारको एक बिग्रेड नै पलायन भएको थियो,' उत्तरी थाइल्याण्डस्थित पयाव विश्वविद्यालयका प्राध्यापक उइन मिन एक अन्तरबार्तामा भन्छन्- यसरी ३ हजारभन्दा बढी सिपाहीहरू बर्माको विद्रोही समूहमा मिल्न पुगेका छन् ।

प्रारम्भिक वर्षहरूमा आन्तरिक सैनिक अभिलेखले २००५ को चार महिनाको स्थिति अझ खराब देखाएको थियो । देशभरीबाट टाटमाडलाई छोडेर ४ हजार ७ सय १ सेना पलायन भएका थिए, उइन मिनले थपे- 'मेरो अनुमान के छभने गएको वर्षको अन्त्यसम्ममा यो स्थिति अझै खराब बन्न पुगेको हुनुपर्छ । करिब १५ हजार सिपाहीले २००७ मा जुन्टा सरकारलाई बाइबाई गरेको हुनुपर्छ ।'

अत्यन्त सम्मानित भिक्षुहरूमाथि गतवर्षको सेप्टेम्बर महिनामा सैनिक सरकारले निर्दयतापूर्वक आक्रमण गरेपछि अझ ठूलो संख्यामा टाटमाडलाई सेनाले छोडेको हुनुपर्दछ तर यसको तथ्याङ्क प्राप्त हुन सकेको छैन, उनले भने- सैनिक कमाण्डर हरूले हरेक तीन महिनाको अन्तरमा गर्ने आगामी बैठकपछि कति सेनाले छोडेछन् भन्ने जानकारी बाहिर आउने छ, तर यो बैठक गत वर्षको मे महिनायता बस्न सकेको छैन ।

# श्रीलंकको युद्धबाट पत्रकार प्रभावित

– आईपीएस संवाददाता

कोलम्बो (आई.पी.एस./एन्.पी.आई.) – श्रीलङ्काका सशस्त्र फौज मुलुकको उत्तरी भागमा युद्ध गरिरहेका बेला सञ्चारमाध्यम बिभिन्न किसिमले त्यसमा संलग्न हुन पुगेको छ । तीनवटा छुट्टाछुट्टै प्रकृतिका घटनामा टेलिभिजन, छापा र अनलाइन प्रकाशन मुछिन पुगेका छन् । सञ्चारमाध्यममा काम गर्ने महिला तथा पुरुषहरू प्रभावित बनेका छन् । गएको मार्च महिनाको दोस्रो र तेस्रो तारिखमा सञ्चारमाध्यममा काम गर्ने व्यक्ति निष्कासनमा परेपछि स्थानीय तथा अन्तर्राष्ट्रिय सञ्चारमाध्यमसम्बद्ध अधिकार समूहले यस विषयमा चासो प्रकट गरेका छन् ।

सरकारी स्वामित्वमा रहेको टेलिभिजन च्यानल रूपबाहिनीसँग आवद्ध सञ्चार कर्मीहरूको सन्दर्भलाई लिएर व्यापक परिचर्चा भयो । रूपबाहिनी दक्षिण एशियाको सामुद्रिक टापु राष्ट्र श्रीलङ्कामा व्यापक प्रभाव राख्दछ । मार्च महिनाको १४ तारिखका दिन सरकारी टेलिभिजन निगमका कर्मचारी अनुराश्री हेटिभलाई कोलम्बोमा बस कुरिरहेका बेला फलामको डल्लोले प्रहार गरियो ।

त्यस सञ्चारमाध्यमका उनी यसरी पिटाइ खाने पाँचौं पत्रकार हुन् । उनले गत तीनमहिनादेखि चुनौतीको सामना गरिरहेका थिए । सञ्चारमाध्यम अधिकार समूहले गतवर्ष डिसेम्बर २७ तारिखको घटनासँग जोड्दै जब मन्त्री मरभिन सिल्वाले रूपबाहिनीमा आँधी सिर्जना गरे र वरिष्ठ कर्मचारीहरूलाई विभिन्न अभियोगहरू लगाए । त्यसपछि नै यी समस्याहरू देखिएका हुन् । सिलभा स्वयम सैनिक सुरक्षा घेराभित्र हिँड्ने भएकाले उनको रिस रूपबाहिनीका कामदारहरूमाथि व्यक्त गर्ने गरिएको अनुमान छ ।

'यो सबै घटना डिसेम्बर २७ तारिखका दिन के भयो भन्ने कुरासँग सम्बन्धित छ,' श्रमजीवी पत्रकार संगठनका सचिव पद्दाला जयन्था भन्छन्- रूपबाहिनीका कामदारमाथि लगातार आक्रमण हुन किन सम्भव भैरहेको छ भनेर हेर्ने होभने सरकारी लापर्वाही कारणका रूपमा देखापर्दछ । कारबाही हुनुको सट्टा रूपबाहिनीका कामदारहरूलाई २७ डिसेम्बरको घटनाका बारेमा उल्टै प्रश्न गर्ने गरिएको छ ।

जयन्था स्वयंलाई पनि अपरिचित व्यक्तिबाट धम्की आएको थियो । रूपबाहिनीमा भएको घटनापछि घर फर्किनासाथ मध्यरातमा उनलाई धम्की आयो ।

रूपवाहिनीको घटनामा उनी निगमको परिसरमै थिए । शिलभा सुरक्षाकर्मीहरूका साथ बाहिर आएका बेला सञ्चारमाध्यमलाई धम्की दिने सरकारी मन्त्रीविरुद्ध उनले बोलेका थिए ।

'श्रीलङ्काको सरकारले पत्रकारलाई उनीहरूको पेशा सञ्चालनका क्रममा सुरक्षा र संरक्षणको सुनिश्चितताका लागि ठोस कदम चाल्नैपर्छ । सरकारका मन्त्रीहरू मौखिक तथा शारीरिक रूपले सञ्चार माध्यममाथि आक्रमण गरिरहन्छन् । उनीहरूविरुद्ध सार्वजनिक चुनौती दिएपछि नै आक्रमणका घटनाहरू बढेका छन् । यस सम्बन्धमा स्थानीय निकायलाई सामुद्रिक टापुको यस मुलुकका पत्रकारविरुद्ध हुने आक्रमणका सम्बन्धमा अनुसन्धान गर्न भनियो । 'यस अनुसन्धानमा रूपबाहिनीका कर्मचारीमाथि हुने गरेको आक्रमणको सन्दर्भ पनि समावेश थियो,' अन्तर ष्ट्रिय पत्रकारमहासंघका एशिया प्रशान्त निर्देशक जाकेलाइन पार्क जानकारी गराउँछन् । उनले पछिल्लो आक्रमणपछि निकालेको वक्तव्यमा सो कुरा उल्लेख गरेका हुन् ।

रूपबाहिनीका पत्रकारमाथि भएको आक्रमणकै दिन हेटिग नामका अर्को सञ्चारकर्मीमाथि पनि आक्रमण भयो । मध्य श्रीलङ्काको गाम्पोलामा एम परमेश्वरी नामका पत्रकारको घरमा अपरिचित समूहले तोडफोड मच्चायो ।

परमेश्वरीले गएको वर्षमात्र आतङ्ककारी अनुसन्धान विभागद्वारा तीन महिनासम्म थुनामा राखेका व्यक्ति

हुन् । यस विवादले चाह्योभने कुनै अभियोग नै नलगाई अनुसन्धानका लागि भनेर पक्राउ गर्ने र थुन्ने अधिकार पाएको छ ।

अन्त्यमा उनलाई तीन दशकदेखि सशस्त्र विद्रोह गर्दै आएको तामिल टाइगर्सलाई सहयोग पुऱ्याउँदै आएको आरोप लगाइयो । मुलुकको उत्तर तथा पूर्वमा अल्पसंख्यक रहेका तामिल छुट्टै मुलुकको मागगर्दै लडिरहेका छन् । जेहोस्, अदालतले परमेश्वरीलाई सरकारले लगाएको आरोप प्रमाणित हुन नसकेको ठहर गर्दै थुनाबाट मुक्त गर्न आदेश दियो ।

'अज्ञात व्यक्तिहरू मेरो घरमा फोन गरेर मैले तामिल टाइगर्सलाई सहायता गर्ने गरेको आरोप लगाउँथे,' थुनाबाट मुक्त भएपछि त्रासका कारण राजधानी कोलम्बो छोडेर बाहिर जान नसकेकी उनले भनिन् ।

स्थानीय सञ्चारमाध्यमलाई पनि यसरी नै असजिलोमा पार्ने काम भैरहेको छ । केही समय अघिमात्र outreachsl.com नामको हालै सुरु गरिएको वेबसाइटसँग सम्पर्क भएको आरोप लगाउँदै सिम्हाली तथा तामिल समुदायका पाँच सञ्चारकर्मीलाई पक्राउ गरिएको थियो । उनीहरूलाई वर्तमान द्वन्द्वको स्थिति बढाउन सघाएको भनी आलोचना पनि गरियो । आतङ्कवाद अनुसन्धान विभाग (टिआइडी) ले जयप्रकाश पिसानायागाम नामका सन्डे टाइम्सका स्तम्भकारलाई समेत पक्राउ गऱ्यो । सन्डे टाइम्स स्वतन्त्र अंग्रेजी भाषाको साप्ताहिक अखबार हो, जसले समाजबाट सम्मान पनि पाएको छ । जयप्रकाश 'outreachsl.com' का सम्पादक पनि हुन् ।

तिसानायागमलाई टिआइडीले मार्च ७ तारिखदेखि वेबसाइटसँग सम्बन्धित अन्य चार व्यक्तिका साथ गिरतार गरिएको हो । कानुनी विधि पूरा गर्दै आरोपपत्र दिने काम भने गरिएन, कोलम्बोस्थित प्रेस रिपोर्टसले जानकारी गराएअनुसार पाँचै व्यक्तिलाई तामिल टाइगर्ससँग सम्बद्ध भएको आरोप लगाइयो । उनीहरूलाई तामिलका लागि चन्दा उठाइदिने र उसका तर्फबाट आर्थिक सहायता पनि प्राप्त गर्ने गरेको आरोप बोकाइयो ।

तर स्थानीय तथा अन्तर्राष्ट्रिय समुदायले यिनीहरूको गिरतारीप्रति भर्त्सना गर्दै अनलाइन परियोजनाका लागि प्राप्त कोष कानुनी स्रोतबाटै प्राप्त गरेको जानकारी गराएको छ । पेरिसस्थित सञ्चारमाध्यम अधिकार निगरानीकर्ता रिपोर्टर्स उइदाउट बोर्डर्स (आरडब्लुबी) ले जानकारी गराएअनुसार वेबसाइटका लागि एफएलआइसिटीबाट आर्थिक सहायता प्राप्त भएको हो । तिसानायागमले १२ हजार युरो (१८ हजार ८ सय अमेरिकी डलर) वेबसाइट सञ्चालनका लागि प्राप्त गरेको उसले जनाएको छ ।

एफएलआइसिटी द्वन्द्व रूपान्तरणका लागि स्थानीय पहल बढाउन रकम जुटाउने कार्य गर्दछ । जर्मन प्राविधिक सहयोग अर्थात् जिटिजेड नामको विकास संस्थाले सो सहायता उपलब्ध गराएको हो । 'आतङ्ककारी विरुद्ध कार्य गर्ने प्रहरीले उसलाई तामिल टाइगर्स विद्रोहीबाट रकम प्राप्त गर्नेगरेको आरोप लगाएको छ । तर अनुसन्धानपछि प्रश्न उठाइएको सो रकम जर्मन कोष तथा देशबाहिर रहेका तामिलहरूबाट प्राप्त भएको बुझियो,' आरडब्लुबीले भन्यो । केही पत्रकारहरूलाई गिरतारीको सुरुमा केही दिनसम्म नराम्रोसँग पिटिएको उनीहरूबाटै खुल्न आएको छ ।

वास्तवमा सरकारका दुई निकायहरू संवैधानिक मामिला तथा राष्ट्रिय एकता मन्त्रालय तथा शान्ति प्रक्रिया समन्वय सचिवालयका वेबसाइटहरूमा एफएलआइसिटीको पहलमा धेरै परियोजनाहरू सञ्चालन भएको खुलासा गरिएको छ ।

वेबसाइटसम्बन्धी मुद्दामा पक्राउ पर्ने पाँच मध्ये एक भिजासिकारणको भनाइ भन्दै आरडब्लुबीले जनाएको छ- मुलुकको पूर्वी क्षेत्रमा रहेका विद्यार्थीको सहयोगका लागि जर्मनीमा रहेका तामिल प्रवासी समुदायले रकम उपलब्ध गराएको सही हो ।

मुलुकमा सञ्चार स्वतन्त्रतामाथि भएका पछिल्ला आक्रमणहरूले श्रीलङ्काको अधिकारको स्थिति कमजोर देखाउँछ । उदाहरणका लागि २००६ मा यस सामुद्रिक मुलुकलाई अधिकारको संरक्षणको मुलुकको सूचीमा १ सय ४१ सौं नम्बरमा झारिएको छ । जबकि यो मुलुकको समीक्षा गर्दै आरडब्लुबीले २००२ मा ५१ औं नम्बरमा स्थान दिएको थियो । त्यसबेला मुलुकमा युद्धविराम थियो ।

तर सरकारले यथार्थ पहिचान गर्ने प्रयास गरेको छैन । 'राष्ट्रपति महिन्द्रा राजपाक्षले मार्च महिनाको तेस्रो साता मुलुकमा पूर्ण प्रेस स्वतन्त्रता रहेको दावी गरेका छन् र सरकारले छिटफुट केही घटनालाई लिएर सरकारको आलोचना गर्नु ठीक छैन भनेका छन् । सरकारले चलाएको अंग्रेजी भाषाको दैनिक अखबार डेलीन्युजले मार्च तेस्रो साताको शनिबार प्रकाशित आनो पहिलो पृष्ठको समाचारमा उल्लेख गरेको छ ।

# अफगानिस्तानमा पुनर्निर्माणको अध्याय थालिएन

– आनन्द गोपाल

काबुल (आई.पी.एस./एन्.पी.आई.) – काबुलको केन्द्रीय भागमा रहेको साहर-ए-नाउ पार्कमा अहिले असन्तुष्टि पोख्न पाइन्छ । त्यसैले यसको सौन्दर्य पनि बढेको छ । यद्यपि प्राकृतिक सुन्दरताको कुरा गर्ने हो भने चाहिँ यो पहिला जति आकर्षक भने छैन । 'यो कुनै बैला वास्तवमै सुन्दर देखिने गर्दथ्यो,' काबुलमा रहदै गरेका तोरिआलीले भने । 'नब्बेको दशकको सुरुवातमा यसको सौन्दर्य निकै आकर्षक थियो । युद्ध-मालिक र कमाण्डरहरूले नब्बेको दशकको मध्यमा अधिकांश शहरमा गृहयुद्ध चर्काएर ध्वस्त बनाए, जसको आजसम्म पनि पुनर्निर्माण हुन सकेको छैन । मुजाहिद्दिनकालीन युद्धले यस्ता पार्कको सौन्दर्य सखाप बनाएपछि सिर्जनाको अभ्यास नै थालिएन ।

'यसै ठाउँलाई हेर्नुहोस्' उनले मगन्ते बालबालिका र बेरोजगार व्यक्तिहरूतिर देखाउँदै भने, 'सरकार र अमेरिकीहरूले हाम्रा लागि केही पनि गरेनन् । न त सडक बनाए न त जागिर नै खुवाए । यो काम गर्नका लागि उनीहरूसँग ६ वर्षको समय थियो, तर गरेनन् ।'

राष्ट्रपति कारजायीको सरकार र विदेशीको उपस्थितिप्रति असन्तुष्टि जनाउने अफगानी जनताको संख्या दिन-प्रतिदिन बढ्दो छ । असन्तुष्टिको कारणमा सरकारभित्र व्यापक भ्रष्टाचार र पुनर्निर्माणका क्षेत्रमा ध्यान नदिनु रहेको छ । यसका लागि न त सरकारले पर्याप्त वाह्य सहयोग पाएको छ न त दातृ निकायहरू नै उत्साही देखिएका छन् ।

ख्यातिप्राप्त अन्तर्राष्ट्रिय विचारक सेनलिस काउन्सिलको पछिल्लो प्रतिवेदनअनुसार अन्तर्राष्ट्रिय समुदायले अफगानिस्तानको विकास तथा पुनर्निर्माणका लागि सहयोग गर्न प्रतिबद्धता नजनाएका होइनन्, तर मुलुकको अस्थिरताका कारण त्यस प्रतिबद्धताले व्यावहारिक रूप लिन सकेन । आक्रोश, अशान्ति, सशस्त्र द्वन्द्वको स्थिति कायम रहेको र असुरक्षाको अवस्थामा सुधार नआएको कारण चाहेर पनि दातृ निकायहरू काम गर्न सकिरहेका छैनन् । यसले गर्दा अफगानिस्तानको अवस्था दिन-प्रतिदिन अझ खराब हुन पुगेको छ ।

एबिसी समाचार सर्वेक्षणले सार्वजनिक गरेको प्रतिवेदनअनुसार २००७ मा अमेरिकी हस्तक्षेप ठीकै छ भन्ने प्रतिशत केवल ४२ मात्र रहेको छ । जबकि यसको दुई वर्षअघि यो प्रतिशत ६८ रहेको थियो ।

'विदेशीले हामीलाई सहयोग गर्दैनन्,' पार्कमा जुत्ता पालिस गर्ने एक युवकको नजिकै उभिएका काबुलवासी जाफर नाफिसीले भने, 'उनीहरूले हाम्रो मुलुकका लागि करोडौं खर्च गरेको कुरा गर्छन्, तर त्यो पैसा कहाँ गयो त, खै हामीले त पाएका छैनौं ! मलाई नै हेर्नुस्- म यहाँ बेरोजगार बनेर बसिरहेको छु ।'

अफगानिस्तानको गैरसरकारी निकायहरूको छाता संगठनले जारी गरेको एक नयाँ प्रतिवेदनअनुसार २५ अर्ब अमेरिकी डलर अफगानिस्तानको पुनर्निर्माणका लागि खर्च भैसकेको छ । '१५ अर्ब डलर त ऋण सहायता प्राप्त गरेर खर्च पनि भैसकेको छ,' अफगान उद्धारका लागि सञ्जाल निर्माण निकाय (ACBAR-अकबर) उल्लेख गर्दछ, 'सहायता भनेर भित्रिने ४० प्रतिशत रकम संस्थागत लाभ र तलबका रूपमा दातृ निकायतर्फै फिर्ता हुन्छ ।'

'दातृ निकायहरू अफगानिस्तानको पुनर्निर्माण गर्छु भनेर सहायताको पोको बोकेर यहाँ भित्रिएका हुन्, उनीहरूले उद्देश्य पूरा गर्न सकेनन् । त्यसैले उनीहरूलाई असफल घोषित गरिनुपर्दछ । सम्पन्न मुलुकबाट आएको अधिक सहायता बरबारद भैरहेको छ, उचित संयोजनको अभावमा प्रभावकारी हुन सकेको छैन,' प्रतिवेदनले उल्लेख गरेको छ ।

सहायता निकायको प्रतिवेदनअनुसार अमेरिकाले २००१ देखि अफगानिस्तानमा सैनिक उपस्थिति जनाइरहेको छ र यसका लागि १ खर्ब २७ अर्ब अमेरिकी डलर लगानी भएको छ । पछिल्ला आँकडा हेर्दा प्रतिदिन झण्डै १० करोड र प्रतिवर्ष ३६ अर्ब डलर लगानी भैरहेको छ । सैनिक क्षेत्रका अतिरिक्त अन्य नागरिक क्षेत्रका लागि प्रतिदिन ७० लाख डलर खर्च भैरहेको छ, अकबर जानकारी गराउँछ । संस्थाले जानकारी गराएअनुसार अन्तर्राष्ट्रिय हस्तक्षेपका कारण पछिल्ला दुई वर्षमा अफगानिस्तानले

५७ डलर प्रतिव्यक्ति आय हाँसिल गरेको छ जबकि बोसनियाँ र पूर्वी टिमोरको प्रतिव्यक्ति आय क्रमश: ६७९ र २३३ डलर रहेको छ' ।

विदेशी फौज भित्रिएपछि असुरक्षा घट्नुको साटो बढेका कारणले असन्तुष्टिको मात्रा अझै आकासिन पुगेको संयुक्त राष्ट्रसंघीय महासचिव वान्कि मुनले एक प्रतिवेदनमार्फत जानकारी गराएका छन् । सो प्रतिवेदनअनुसार २००७ मा अफगानिस्तानको स्थिति 'अझ संगीन' हुन पुग्यो । प्रतिमहिना औशत ५८६ वटा घटना हुने र ८ हजार व्यक्तिको द्वन्द्वका कारण मृत्यु हुने गरेको छ । २००६ को दाजोमा यो परिमाण करिब ४० प्रतिशतले बढेको छ ।

मुलुकको दक्षिणी तथा पूर्वी भागस्थित फराकिलो क्षेत्रमा सहायता रकम पुग्नै सकेको छैन । यसले गर्दा असुरक्षा र गरिबी यथावत छ । यस्तो वाताबरणमा स्वभावत: आपराधिक समूहको जन्म हुने गर्दछ ।

संयुक्त विदेशी सेना र तालिवानीबीच द्वन्द्व चर्किरहेको दक्षिणी तथा पूर्वी क्षेत्रमा स्थिति निकै तनावपूर्ण छ । तालिवानका विभिन्न अवतारहरूका लागि विदेशी संयुक्त सेनाको आधुनिक प्रविधि अनौठो हुन पुगेको छ । यसले पनि द्वन्द्व बढाउन सघाएको छ ।

'जथाभावी हवाई आक्रमण हुने र निर्दोष नागरिकका घरहरू पनि ध्वस्त बन्ने अवस्था निरन्तर चलिरहने हो भने अझ बढी व्यक्तिलाई विदेशी सेनाको उपस्थिति अप्रसन्नताको विषय हुनेछ,' सरकारी अधिकारी साडेक मुदाबर भन्छन् । गएको वर्ष दक्षिणी अफगानिस्तानको ग्रामीण क्षेत्रको भूभागमा सेनलिज काउन्सिलले गरेको सर्वेक्षणमा तालिवानका २७ प्रतिशत समर्थकहरू रहेको देखिन्छ जबकि २००५ मा समर्थकहरूको संख्या केवल दुई प्रतिशतमात्र रहेको थियो ।

अधिकांश: अफगानहरूका लागि यो असन्तुष्टिको मात्रा सरकारतिर केन्द्रित हुन पुगेको छ । 'म सरकारका लागि काम गर्न चाहन्छु' तोरियालीले भने । ' तर म जागिरविहीन छु । अहिले मैले जागिर पाउन सक्तिनँ । यदि तपाईं सरकारी जागिर खान चाहनुहुन्छ भने तपाईंले कसैलाई घूस खुवाउनु पर्छ अथवा तपाईंले भरपर्दो स्रोतलाई चिनेको हुनुपर्दछ ।'

अफगानिस्तान सेन्टर फर रिसर्च तथा नीति अध्ययनका उपनिर्देशक हारनो मिर भ्रष्टाचार सरकारका हरेक चरणमा महामारीका रूपमा रहेको जानकारी गराउँछन् । घूस अगाडि नबढाई केही काम हुँदै भन्छन् । आफूलाई कानुनभन्दा माथि सोच्ने र दण्डहीनताको स्थितिबाट लाभ लिने समूहले अफगानिस्तानी समाजलाई मरुभूमीकरण गर्दैछ । मुलुकभर दण्डहीनताको संस्कार बढेको छ । आखिरमा कमजोर तालिम र शिक्षाका कारण सरकारका जागिरेहरूले समयको माग बुझ्न पनि सकेका छनन् । लामो द्वन्द्वको क्षतिपूर्ति गर्न नसकेका कारण भ्रष्टाचार उनीहरूको दैनिक व्यवहार हुन पुगेको छ ।

'हाम्रो कानुनी पद्धति नै भ्रष्ट छ । त्यसैले कुनै पनि व्यक्तिलाई तोकेर फलानाले भ्रष्टाचार गऱ्यो भनेर कारबाही गर्न कोही अगाडि सर्दैन । कारवाही गर्ने पनि त्यहीँ ड्याङको मूला बनिसकेको छ,' मिरले भने ।

'अफगानिस्तानमा प्रशासनिक भ्रष्टाचारको उचाइ निकै माथिसम्म रहेको छ भन्ने कुरा मैले स्वीकार्नै पर्दछ । अफगानिस्तानमा व्यापक प्रशासनिक भ्रष्टाचार कायम रहेका कारण तालिवानका अवतारहरू प्रकट हुन अनुकूल वातावरण बन्न पुगेको छ,' अफगान उप-राष्ट्रपति अब्दुल कारिम खालिलले हालै आईपीएस संवाददातासमक्ष पीडा पोखे ।

---

बाट : नेपाल प्रेस इन्स्टिच्यूट
थापाथली–७०७ प्रशुतिगृह मार्ग
पोष्ट बक्स नं. ४१२८, काठमाडौँ, नेपाल
फोन नं. ४-२६४१५५, ४-२६६४१८
फ्याक्स नं. २६४१५४

लाई :


npiktm@wlink.com.np